म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- १९२ २०८० जेठ २३ गते मंगलबार 6 June 2023, Tuesday - पृष्ठ ८ मूल्य रु. ५/-




## वातावरण दिवसको र्‍यालीमा स्क्र्याप संकलक



वातावरण दिवसको अवसरमा सोमबार बिहान आयोजित र्‍यालीमा सहभागी स्क्र्याप संकलकहरु ।

समाज संवाददाता

हेटौंडाः विश्व वातावरण दिवसको अवसरमा सोमबार हेटौंडामा आयोजित विशाल र्‍यालीमा स्क्र्याप संकलकहरुको पनि सहभागिता रह्यो । विश्व वातावरण दिवसमा सम्भवतः पहिलो पटक स्क्र्याप संकलकहरुको सहभागिता रहेको हो । सामुदायिक विकास तथा सचेतना नेपालको प्रयासमा स्क्र्याप संकलकहरु वातावरण दिवसको र्‍यालीमा सहभागी भएका हुन् ।

पुनःप्रयोग गर्न सकिने फोहर संकलन गरी फोहर व्यवस्थापनमा सहयोग गर्ने समूहको सहभागिता सान्दर्भिक हुने भएकोले सहभागिताका लागि आवश्यक पहल गरिएको सामुदायिक विकास तथा सचेतना नेपालका सचिव अनन्त बानियाँले जानकारी दिनुभयो । र्‍यालीमा ३० जना स्क्र्याप संकलक सहभागी थिए । उनीहरुले पुनः प्रयोग हुने फोहर संकलनका लागि प्रयोग गर्ने साइकलसहित सहभागिता जनाएका थिए । र्‍यालीमा स्क्र्याप संकलकको सहभागिताले उनीहरुको सम्मान बढ्ने र आत्मबल बढाउन मद्दत पुग्ने सचिव बानियाँको भनाइ छ । सामुदायिक विकास तथा सचेतना नेपालले आइतबार स्क्र्याप संकलकहरुको समूहलाई र्‍यालीमा सहभागी हुन आग्रह गरेको थियो ।

## वातावरणीय समस्या ठूलो चुनौतीः मुख्यमन्त्री

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले वातावरणीय समस्या ठूलो चुनौतीको रुपमा रहेको बताउनुभएको छ । सोमबार ५१ औं विश्व वातावरण दिवसको अवसरमा टोल विकास संस्था नगर समन्वय समितिले हेटौंडामा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो ।

वातावरण जोखिम प्रदूषणबाट भएको बताउँदै वातावरण बिगार्ने मानिस नै भएकाले आफैंले सपार्नतिर लाग्नुपर्ने धारणा उहाँले राख्नुभयो । फोहोर व्यवस्थापनका लागि सबै स्थानीय तहहरु लागि पर्नुपर्नेमा जोड दिँदै मुख्यमन्त्री जम्कट्टेलले खोला, खोल्सा, पानीको मुहान र बाटो वरिपरि फोहोर फाल्न नहुने बताउनुभयो ।

स्थानीय तहबाट उत्पादित फोहोरको वर्गीकरण गरी कुहिने फोहोरबाट मल बनाउन सकिने र नकुहिने फोहोर बिक्री र व्यवस्थापन गर्नुपर्ने उहाँले बताउनुभयो । मुख्यमन्त्री जम्कट्टेलले बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षको लागि वातावरण संरक्षण, शिक्षा, स्वास्थ्य, रोजगारीको क्षेत्रमा नयाँ ढंगले नीति कार्यक्रम ल्याएको जानकारी दिनुभयो ।

कार्यक्रममा बोल्नुहुँदै हेटौंडा उपमहानगरपलिकाकी प्रमुख मीनाकुमारी लामाले हरितगृहको रुपमा अन्तर्राष्ट्रियस्तरमा हेटौंडालाई चिनाउने काम टोल विकास संस्थाहरुले गरेको बताउनुभयो । हेटौंडामा मेनरोड, मुख्य बजार सफा रहेको तर फोहोर व्यावस्थापन गर्ने डम्पीङ साइड



भरिँदै गएकाले नगरको फोहोर व्यवस्थापनका लागि प्रदेश सरकारले प्राविधिक उपकरणहरु उपलब्ध गराउनुपर्ने माग राख्नुभयो । फोहोर व्यवस्थापन एक चुनौती भएकाले पालिकाले नीति नै बनाएर आगामी दिनमा फोहोर व्यवस्थापन गर्न लाग्ने धारणा उहाँले राख्नुभयो ।

उपमहानगर प्रमुख लामाले नगरमा भएका टोल विकास संस्थाहरुलाई संस्थाको आर्थिक आय–व्यय अडिट गराउन निर्देशन दिनुभएको छ । पालिकाले प्रत्येक टोलविकास संस्थाको अनुगमन गर्ने उहाँले बताउनुभयो । हेटौंडालाई प्लाष्टिकरहित नगर निर्माण गरी अर्को वातावरण दिवस मनाउँदा प्लाष्टिकमैत्री नगरको घोषणा गरिने बताउनुभयो ।

कार्यक्रममा टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष ध्रुव अधिकारीले हरितगृह हेटौंडा निर्माण गर्न टोल विकास संस्थाको ठूलो भूमिका रहेको दाबी गर्नुभयो । टोल विकास संस्थाले हेटौंडालाई कालो प्लाष्टिकमुक्त हेटौंडा बनाउन सफल भएकोमा हेटौंडालाई प्लाष्टिकमुक्त शहर बनाउन आवश्यक रहेको धारणा राख्नुभयो ।

नेपालमा दैनिक ४८ लाख प्लाष्टिक खपत हुने गरेको र खपत प्लाष्टिकको ४.१ प्रतिशतमात्र रिसाइक्लिङ हुने भएकाले प्लाष्टिकमा रोक लगाउनुपर्ने बताउनुभयो । वातावरण संरक्षण र सम्बर्द्धन भनेको हामी सबैको दायित्व र जिम्मेवारी रहेको बताउँदै हरेक व्यक्तिले वातावरण संरक्षण मेरो जिम्मेवारी भनेर काम गर्नुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले हामीले गर्ने साना साना कामबाट वातावरण प्रदूषण हुने गरेको भन्दै व्यक्तिगतरुपमा आचरण सुधार गर्न आवश्यक रहेको बताउनुभयो । आफ्नो समाज तथा समुदाय सफा राख्न आफैंबाट काम सुरु गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

हेटौंडा उपमहानगरपालिकाको १० नम्बर वडा अध्यक्ष फुर्वा दोर्जे लामाले वातावरण दिवसका दिनमा मात्र नभई वर्षैभरि आफ्नो ठाउँ सफा राख्न आवश्यक रहेको बताउनुभयो । भोलिका दिनमा नगरपालिकाले टोल विकास संस्थासँग समन्वय गरी वातावरण संरक्षण गरिने बताउनुभयो ।

कार्यक्रममा प्रदेशसभा सदस्य भारती पाठकले उपमहानगरपालिका अन्तर्राष्ट्रियस्तरमा हरितगृह नगर भएर परिचित हुन सफल हुनुलाई गर्व गर्नुपर्ने कुरा भएको बताउनुभयो । नगरलाई स्वच्छ, सफा राख्न उत्पादनलाई जोड दिनुपर्ने उहाँले धारणा राख्नुभयो । हेटौंडा उपमहानगर पालिका बागमती प्रदेश सरकारको राजधानी भएकाले प्रदेश सरकार र नगरपालिकाले समन्वय गरेर जनुपर्नेमा जोड दिनुभयो ।

## युवामैत्री योजना बनाउन अभिमुखीकरण

समाज संवाददाता

हेटौंडाः प्रदेश युवा परिषद् बागमती प्रदेशको आयोजनामा दुई दिने स्थानीय तहहरुका लागि प्रवोधिकरण तथा प्रोत्साहन कार्यक्रम सोमबार समापन भएको छ । कार्यक्रममा बागमती प्रदेशका १३ जिल्लाका १५ वटा स्थानीय तहका प्रतिनिधिको सहभागिता रहेको थियो ।

प्रदेशका स्थानीय तहहरुबाट नगर वा गाउँपालिका प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य, प्रशासकीय अधिकृत, पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख, खेलकुद हेर्ने कार्यपालिका सदस्यको उपस्थिति रहेको थियो । कार्यक्रमको पहिलो दिन प्रदेश युवा नीति र कार्यक्रम, युवाको परिभाषा र विद्यमान कानुनी व्यवस्था र युवामैत्री स्थानीय शासनको अवधारणाबारे जानकारी गराइएको थियो । दोस्रो दिन स्थानीय शासनको सूचकहरुको विषयमा छलफल गरिएको प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले जानकारी दिनुभयो । कार्यक्रममा तिलोत्तम पौडेल,ले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा सहभागीले आआफ्नो पालिकालाई युवामैत्री बनाउन व्यवस्थित योजना बनाउने बताएका छन् । प्रदेश र संघीय सरकारको साथ र सहयोगमा पालिकालाई युवामैत्री बनाउन कार्यक्रम प्रभावकारी भएको सहभागीले प्रतिक्रिया दिएका छन् । अभिमुखीकरणले युवा लक्षित कार्यक्रम तयार पार्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । युवाका मुद्दामा चाहेर पनि योजना बनाउन नसकेको उल्लेख गर्दै सहभागीले आगामी दिनमा युवालक्षित प्रभावकारी कार्यक्रम तयार पार्ने प्रतिवद्धता जनाएका छन् । प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईको अध्यक्षता तथा बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मुक्तानको प्रमुख आतिथ्यमा आइतबार उद्घाटन कार्यक्रम भएको थियो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको पनि आतिथ्य रहेको थियो । स्थानीय तहका ...बाँकी पृष्ठ ३ मा

## वातावरण दिवसको सप्ताहव्यापी कार्यक्रम सम्पन्न




र्‍यालीमा सहभागिहरुको सामुहिक तस्वीर ।

समाज संवाददाता

हेटौंडाः ५१ औं विश्व वातावरण दिवसको अवसरमा टोल विकास संस्था नगर समन्वय समितिले आयोजना गरेको सप्ताहव्यापी कार्यक्रम सम्पन्न भएको छ । सोमबार हेटौंडा उपमहानगरपालिकाभित्र रहेका टोल विकास संस्थाहरुले र्‍यालीको आयोजना गरेका थिए । हुप्रचौरबाट सुरु भएको र्‍याली शितलमहल चोक, पारिजातपथ, ओम भवन, बुद्धचोक हुँदै रोयल पार्टी प्यालेसमा गएर समापन भएको थियो ।

र्‍यालीमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, बागमती प्रदेशसभा सदस्यहरु प्रेमबहादुर पुलामी, भारती पाठक, एकालाल श्रेष्ठ, हेटौंडा उपमहानगर पालिकाका प्रमुख मीनाकुमारी लामा, हेटौंडा उपमहानगरपालिका वडा अध्यक्षहरु, टोल विकास संस्थाका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा टोलविकास संस्था दर्पण पुस्तिकासमेत विमोचन भएको थियो । कार्यक्रममा टोलविकासमा रहेर वातावरण संरक्षणमा सहयोग पुऱ्याउने रामकृष्ण थापा र ज्ञानबहादुर थापालाई सम्मान गरिएको थियो ।

सप्ताहव्यापीरुपमा आयोजना भएका कार्यक्रममा उत्कृष्ट हुने प्रतियोगीहरुलाई पुरस्कृत गरिएको छ । सप्ताहव्यापी कार्यक्रमअन्तर्गत् भएको वातावरण संरक्षणसम्बन्धी चेतनामूलक टिकटक प्रतियोगितामा सम्झना राइज टिकटक आइडी पहिलो, सुहाना दोस्रो, कान्छी सम्झना तेस्रो र रामु शोभा सान्त्वना हुनुभएको छ । प्रतियोगितामा प्रथम, दोस्रो, तेस्रो र सान्त्वना हुनेले क्रमशः १० हजार, ७ हजार ५ सय, ५ हजार र ३ हजार रुपैयाँ प्राप्त गरेका छन् ।

कार्यक्रमअन्तर्गत् पर्यावरण संरक्षणसम्बन्धी खुला कविता प्रतियोगितामा रिजन राना पहिलो, किसन पौडेल दोस्रो, वैकुण्ठ लामिछाने तेस्रो र ईश्वर थापा एवम् स्वस्तिका बानियाँ सान्त्वना हुनुभएको छ । प्रतियोगितामा पहिलो, दोस्रो, तेस्रो र सान्त्वना हुनेले क्रमशः १५ हजार, १० हजार, ७ हजार ५ सय र ५ हजार रुपैयाँ प्राप्त गरेका छन् । यस्तै, बाल क्लबस्तरीय वक्तृत्वकला प्रतियोगितामा दर्शन सापकोटा पहिलो, विकेश तामाङ दोस्रो, सृष्टि भुजेल तेस्रो र कश्यप तिवारी सान्त्वना हुनुभएको छ । प्रतियोगितामा पहिलो, दोस्रो, तेस्रो र सान्त्वना हुनेले क्रमशः १० हजार, ५ हजार, २ हजार ५ सय र एक हजार ५ सय रुपैयाँ प्राप्त गरेका छन् ।

## हरिकुञ्ज रोडमा सडकबत्ती उद्घाटन

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालि–२ स्थित हरिकुञ्ज रोडमा राखिएको सडकबत्ती उद्घाटन भएको छ । सोमबार विश्व वातावरण दिवसको अवसरमा हेटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले सडकबत्तीको संयुक्तरुपमा उद्घाटन गर्नुभयो ।

४ लाख १६ हजार स्टमेट बजेटमा उमहानगरपलिकाको ३ लाख ३२ हजार र उपभोक्ताको ८४ हजार लागतमा ३३ वटा सडकबत्ती राखिएको छ । हरिकुञ्ज टोल विकास संस्थाको पहलकमा सडक पेटीमा बत्ती जडानको काम भएको हो ।

उद्घाटनको क्रममा बोल्नुहुँदै उपमहानगर प्रमुख लामाले हेटौंडा उपमहानगरपालिकालाई सबैको आकर्षको विन्दु बनाउन, कसरी हेर्नलायक बनाउने भन्ने विषयमा कार्य भइरहेको बताउनुभएको छ । नगरपालिकाले गरेको काममा बाधा र विभिन्न भनाई आइरहने तर आफूले विकासको कार्य अगाडि लैजाने धारणा उहाँले राख्नुभयो ।

नगरको विकास गर्न भएको बजेटबाट काम गर्ने बताउँदै आवश्यकताको आधारमा समानुपातिक ढंगबाट बजेट छुट्याइएको उहाँले बताउनुभयो । विकासको क्रम अगाडि बढाउन आवश्यक रहेको भन्दै २ नम्बर वडाले एक फरक सोच भएको जनप्रतिनिधि पाएको बताउनुभयो । प्रमुख लामाले नगरको सौन्दर्यता तार, पोल व्यवस्थापन नहुँदा सुहाउँदो नभएकोमा जोड दिँदै व्यवस्थापन गरेर जाने बताउनुभयो ।

कार्यक्रममा उपप्रमुख राजेश बानियाँले बत्ती राख्ने काम राम्रो भएको बताउँदै हेटौंडा प्रदेशको राजधानी भएकाले हेटौंडामा आउने मानिसलाई आकर्षणको क्षेत्र निर्माण गर्नेतिर नगरपालिका लागि परेको बताउनुभयो । नगरमा धेरै फोहोर सुर्तीजन्य पदार्थ भएकाले आगामी आर्थिक वर्षमा नीति तथा कार्यक्रम ल्याएर साउनबाट सुर्तीजन्य पदार्थ प्रयोग हटाउने प्रतिबद्धता जनाउनुभयो । नगरबासीहरुले विकासको काम गर्न प्रतिनिधि बनाएकाले विकासको काम लिएर सबैको घर–टोलमा पुग्ने बताउनुभयो ।

कार्यक्रममा २ नम्बर वडा अध्यक्ष विष्णुगोपाल महर्जनले वडामा काम गर्ने जिम्मेवारी आफ्नो भएकाले विकासको कामलाई निरन्तरता दिएर जाने प्रतिवद्धता जनाउनुभयो । भोलिका दिनमा वडाले संगमचोकमा रात्रिकालीन बजार निर्माण गर्ने, हरिकुञ्ज सडकका घरहरुमा एकै किसिमको रङ लगाएर व्युटिफिकेसनको रुपमा विकासको गति लिएको धारणा राख्नुभयो ।

## सम्पादकीय

# शिक्षामा भद्रगोल

शिक्षाबिना कुनै पनि क्षेत्रमा सफलताको कल्पना गर्न सकिँदैन । शिक्षा सबै पूर्वाधारको मुख्य आधार पनि हो । शिक्षाको विकासबिना अन्य पूर्वाधारको विकास सहज हुँदैन । राज्यले शिक्षाको विकासमा ठूलै लगानी गर्दै आएको छ । सबैका लागि शिक्षा अनिवार्य र अत्यावश्यक बन्दै गएको छ । संघीयताको कार्यान्वयनसँगै देशमा तीन तहको सरकार बनेका छन् । संविधानले पनि शिक्षामा संघीय, प्रदेश र स्थानीय तीनै तहका सरकारको साझा अधिकार मानेको छ । माध्यमिक तह (कक्षा १२)सम्मको शिक्षाको अधिकार स्थानीय सरकारलाई दिएको छ । स्थानीय सरकारअन्तर्गत् गाउँपालिका र नगरपालिकाहरु पर्दछन् । नगरपालिकामा पनि महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरु छन् । देशमा ७ सय ५३ वटा स्थानीय तह रहेका कारण माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनमा पनि स्थानीय तहबीच विविधता पाइने गरेको छ ।

संघीय तथा प्रादेशिक नयाँ शिक्षा ऐन नबनेका कारण स्थानीय तहले पनि शिक्षा ऐन बनाएर कार्यान्वयनमा ल्याउन सकेका छैनन् । यसले गर्दा हरेक स्थानीय तहले विद्यालय शिक्षाको व्यवस्थापनमा फरक–फरक अभ्यास गर्दै आएका छन् । यसले शिक्षा क्षेत्रमा भद्रगोल र बेथितिको अवस्था देखिने गरेको छ । यस्तै भद्रगोल केही दिनदेखि मकवानपुर जिल्लामा पनि देखिएको छ । पछिल्ला केही दिनदेखि देशभर गर्मी बढेको छ । जनजीवन नै प्रभावित हुने गरी उच्च गर्मी भएका कारण विद्यालयका विद्यार्थीलाई विविधि समस्या भइरहेको छ । सबै विद्यालयमा एकनाशको भौतिक पूर्वाधार नभएका कारण गर्मीका कारण विद्यार्थी बेहोस् हुने, स्वास्थ्यमा समस्या देखिने गरेपछि विद्यालयको पठनपाठनमै समस्या हुन थालेको भन्दै गर्मी बिदा दिन आवाज उठ्न थाल्यो । तराई मधेशका अधिकांश विद्यालयहरुमा विदा दिइएपछि हेटौंडा उपमहानगर पालिकालगायत मकवानपुरका अन्य स्थानीय तहलाई पनि विद्यालयको पठनपाठन बन्द गर्न दबाब पर्न थाल्यो । तर, पालिकाहरुले सहजरुपमा विद्यालय विदामा एकरुपता कायम गर्नुको स । अनेकन् निर्णय गर्ने र निर्णय बदल्ने गर्दै शिक्षा व्यवस्थापनमा अस्तव्यस्त अवस्थालाई उजागर गरेका छन् ।

शुक्रबार हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका बैठकले विद्यालयमा विदा दिने/नदिने भन्ने निर्णय गर्ने जिम्मा वडालाई दियो । पालिकाले निर्णय गर्न नसक्दा वा निर्णय गर्न नचाहँदा, नजान्दा वडा–वडाले पाएको जिम्मेवारी पूरा गर्ने क्रममा शनिबार नै केही वडाले प्रधानाध्यापक, अभिभावकसँगको परामर्शमा विद्यालय विदा दिने निर्णय गर्न सुरु गऱ्यो । शनिबार दिउँसोसम्ममा हेटौंडाका वडा नम्बर ४, ५ र १० ले आइतबार देखि ३ दिन विदा दिने निर्णय गऱ्यो भने १५ नम्बर वडाले आइतबार र सोमबार दुईदिन मात्रै विदा दिने निर्णय गऱ्यो । १९ वटा वडा भएको हेटौंडाका अन्य वडाको अवस्था के हुने र वडा–वडाले आआफ्नो तरिकाले विदा गर्ने निर्णय गर्दा विद्यार्थी र अभिभावकमा अन्यौलता सिर्जना हुने भन्दै सामाजिक सञ्जालमा पालिका नेतृत्वको आलोचना हुन थाल्यो । शनिबार साँझ नै हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाले जेठ २१ गतेदेखि २६ गतेसम्म विद्यालय विदा दिने निर्णयको सूचना प्रकाशित गऱ्यो ।

मकवानपुरकै मनहरी गाउँपालिकाले आइतबार बिहान एउटा सूचना सार्वजनिक गर्दै सोमबारदेखि बिहान पठनपाठन गर्ने निर्णय गऱ्यो । पालिकाले फेरि दिउँसो सोमबारदेखि विद्यालय विदा भन्दै अर्को सूचना जारी गऱ्यो । यसअघि बकैया गाउँपालिकाबाट सुरु भएको विद्यालय विदा दिने निर्णय हेटौंडा, मनहरी, मकवानपुर गढी, राक्सिराङ, कैलाश हुँदै बागमती गाउँपालिकासम्म पुगेको छ । मकवानपुरको भीमफेदी र इन्द्रसरोवर गाउँपालिका र थाहा नगरपालिकाले भने अहिलेसम्म विदाको निर्णय गरेको छैन । तुलनात्मक रुपमा यी पालिका उच्च पहाडी क्षेत्रमा पर्ने भएकाले गर्मीको प्रभाव कम रहेको छ । वर्षे विदाबाट क । हुने गरी केही दिन विद्यालय बन्द गर्न पालिकामा देखिएको सकसले कसरी विद्यालय तहको शिक्षा व्यवस्थापन भइरहेको छ भन्ने तथ्यलाई उजागर गरेको छ ।

असहज अवस्थामा केही दिन विदा दिनलाई यत्रो भद्रगोल प्रदर्शन गर्नुपर्ने अवस्था बन्नु हुँदैनथ्यो ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा–८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : यात्रा योग र धार्मिक क्षेत्रका काममा सरिक ।
**वृष** : आहार–बिहार र व्यायामका काममा समय व्यतित ।
**मिथुन** : भावना र कल्पनामा केन्द्रित भइने समय योग छ ।
**कर्कट** : व्यापार–व्यवसायमा पछि परिने समय देखिन्छ ।
**सिंह** : शत्रु र प्रतिद्वन्द्वी अनुकूल बन्ने समय योग छ ।
**कन्या** : भविष्यको सुनिश्चितताको लागि लागि परिने योग छ ।
**तुला** : यात्रा योग र भेटघाटमा समय व्यतित हुनेछ ।
**वृश्चिक** : मनको आकर्षण बढ्ने समय योग रहेको छ ।
**धनु** : दाम्पत्य सम्बन्धले नयाँ उचाइ प्राप्त होला ।
**मकर** : परीक्षा प्रतियोगितामा सरिक भइने समय छ ।
**कुम्भ** : धार्मिक तथा सामाजिक समस्याहरु बल्झिएला ।
**मीन** : बाँकी बक्यौता उठाउने अवसर मिल्ने योग छ ।

# अक्सिजन बोतल



**गोकर्ण देवकोटा**

कलङ्की चोकबाट गाडी छुट्ने स्थान नजिक केही मानिसहरू यात्रुलाई यात्राको लागि पानी, खाजा बेचिरहेका हुन्छन् । चर्को स्वरले कराउँदै २० रुपैयाँमा शुद्ध पानी-पानी भन्दै पानीको विज्ञापन हाम्रो लागि नौलो विषय होइन ।

काठमाडौंका रैथाने अग्रजहरूले हिँडुल गर्दा उपत्यकाभित्र नै यसरी पानीको बोतल बोक्नु पर्छ भन्ने सपनामा पनि सोचेका थिएनन् होला । प्रत्येक केही सय मिटर दूरीका ढुङ्गेधारामा नै जीवन चलाउन जानेका यहाँका हाम्रा अग्रजहरूलाई नियमित पानी एउटा सपना बनेको छ । विकासको नाममा फैलँदो अव्यवस्थित शहरीकरणले ढुङ्गेधाराको ढुङ्गा बाहेक धारो गायब भएपश्चात् र मेलम्चीको कथाले लय नसमातेपश्चात् अब बोतलको विकासे पानी निर्विकल्प बनेको छ ।

मिथक नै सही, उपत्यका वरपरका डाँडाहरूमा रैथाने पूर्वजहरूले लगाएका जंगल जोगाउन राजा सुरेन्द्रले पात पतिङ्गर देखि जनावर छुन नपाइने अति महंगो जरिवाना लगाए । आज काठमाडौँका करिब ५० लाख जनसंख्याले त्यही उर्दी र जरिवानाबाट संचित उपत्यकाका वरिपरि जंगलबाट प्राप्त अक्सिजन निःशुल्क उपभोग गरिरहेका छन् ।

कथितविकास र अव्यवस्थित शहरीकरणको प्रभावले तीव्र शहर पस्ने हुटहुटी दिनदिनै फस्टाएको छ । त्यसैको फलस्वरुप २ आना भन्दा कम क्षेत्रफलमा चक्का-चक्कामा जमिन काटिएको छ । प्रत्येक टुक्रामा घर बनेका छन् । खुल्ला ठाउँ भेट्न कि टुँडिखेल छिर्नु पर्छ कि त थानकोट काट्नु पर्छ ।

हुटहुटीकै मारमा नजिकका जंगल र जंगल वरिपरिका क्षेत्र परेका छन् । डोजरले क्षत-विक्षत बनेका उपत्यकाका काँठहरूको कथा वियोगान्तक छन् । बिस्तारै उपत्यकाका डाँडाहरूमा हाम्रो विकासे भ्रमले आँखा गाडिरहेको छ । पल्लो गाउँ जान त्यही जंगलबीचकै सडक चाहिएको छ, सिमेन्टको पार्कको लागि त्यही जंगलको जमिन उपयुक्त लाग्न थालेको छ ।

हाम्रो पालामा हामीले उपत्यकाको वरिपरिको जंगल मास्न सुरु गर्यौ । हाम्रो अन्तरनिहित संकल्प छ "हाम्रो पालामा मासिसक्छौं ।"

उपत्यका धुवाँ-धुलोले बसि नसक्नु छ । यसलाई दैनिक रुपमा हामीले स्वीकार गरिसकेका छौं । नाकले गन्ध थाहा नपाउने रोग हामीलाई सामान्य लागि सकेको छ । घाटी खसखसाउने, आँखा पोल्ने जस्ता वायु प्रदूषणको विकल्प एलोपेथिक औषधिको व्यापार राम्रो फष्टाएको छ । पैसा तिर्नेबित्तिकै स्वच्छ हावा होइन औषधि पाएका छौं ।

शहर कंक्रीट र प्लास्टिकले भरिएको छ । हाम्रो भान्छा, सुत्ने कोठा, शौचालय प्लास्टिकमय छ । फूल प्लाष्टिकको, विरुवा प्लास्टिकको, गमला प्लास्टिकको, बोतल प्लास्टिकको, खाने थाल, पस्कने पन्यू, राख्ने भाडाँ प्लास्टिकको । प्रकृति संरक्षण सम्बन्धी हुने छलफलमा हामी निर्धक्क प्लास्टिकको कुर्सीमा बसी प्लास्टिकको बोतल अगाडि राखी वातावरण संरक्षणको गफ चुटिरहेका छौं ।

बाटोको लम्बाइभन्दा सवारी साधनको संख्याको लम्बाई लामो छ । सडकमा गुड्ने सार्वजनिक सवारीको कयौं गुणा निजी सवारीले ढाकेको छ । एउटा सरकारी गैरसरकारी बैठकमा सहभागी हुने एकै कार्यालयका ४ जना पदाधिकारीहरू ४ वटै सवारी साधन लिएर जान्छौं । सडकमा निस्किएका ९५ प्रतिशत सवारी साधनले सिट क्षमताअनुसार भरिएर हिँडेका छैनन् तर वातावरण प्रदूषण भने बराबर नै छ । ती सवारी साधन भित्रँदा वा प्रयोग गरेबापत लिइने करको १ प्रतिशत पनि वातावरण सुरक्षालाई प्रयोग गरिरहेका छैनौं र गरेको पनि देखिँदैन । यस्तो मनोवृत्ति र संस्कार बढेको छ कि सवारी साधन आवश्यकता नभइ विलासिता एवं शोख देखाउने प्रवृत्ति बनेको छ ।

यस्तो अवस्थामा हामी संसारकै दुर्गन्धित शहरको सुखी बासिन्दा बनिरहेका छौं । यो वास्तविकताबीच सफा हावा वा पर्याप्त अक्सिजन हाम्रो आवश्यकता भएता पनि बिस्तारै न्यून हुदैछ । एकदिन हाम्रो पालामा सडक-सड्कमा अक्सिजनका बोतल पानीको बोतल जसरी उपलब्ध हुनेछ । अक्सिजन क्याफेको व्यापार चल्ने छ । विद्यालय तथा कलेजहरूले आफ्नो होडिङ्ग बोर्डमा ठूला ठूला अक्षरले ८० प्रतिशत अक्सिजनसहित भनेर विज्ञापन गर्नेछन् । हाम्रो सार्वजनिक सवारी साधनहरूमा अक्सिजन फ्रि को बोर्ड हुनेछ, हाम्रा नजिकका कंक्रिट पार्कमा अक्सिजनको मात्रा अक्सिजन सिलिण्डरले पूरा गरेको हुनेछ ।

हामी आफ्नै पालामा यति विकास गर्न तत्पर, प्रयत्नशील छौं । हामी नेपाली हौं, लक्ष्य प्राप्त गर्नु हाम्रो ध्यान हो । हामीलाई विकासको बाटो अवरुद्ध पार्नु छैन, त्यसैले अक्सिजन उत्पादन गर्ने प्लान्ट अहिले आयात गरी व्यवसाय सुरु गरौं । राज्यलाई व्यापारमा प्रोत्साहन गरौं । अक्सिजन आयात गर्ने कानुन अहिले नै बनाऔं । जे होस विकास त चाहिएको छ ।

अक्सिजन व्यापारले हाम्रो आन्तरिक अर्थतन्त्र बलियो हुनेछ । अन्तर्राष्ट्रिय समुदायलाई हामी गर्वको साथ भन्ने छौं "हाम्रो चोक-चोकमा, प्रत्येक होटलमा, प्रत्येक विद्यालयमा, प्रत्येक सरकारी कार्यालयमा विभिन्न क्षमता अनुसारको अक्सिजन बोतल पाइन्छ ।" हामी यही वर्षको बजेटमा अक्सिजन उत्पादन गर्ने सरकारको प्राथमिकता समेटौं र प्रत्येक वर्षको उपलब्धिमा अक्सिजन उत्पादनको प्रतिशत राखौं ।

काठमाडौं वरिपरिका जंगलले हामीलाई घाम छिर्न दिएनन् । यिनलाई यसपालि नै विकासले समेटौं । अबको केही वर्षमा चर्को स्वरले अक्सिजन क्याफेमा बसेर प्लाष्टिकको अक्सिजन बोतल समात्दै उद्‍घोष गरौं "हामी अक्सिजन व्यापारमा आत्मनिर्भर छौ ।" विश्व वातावरण दिवसको शुभकामना ।

devkota3953@gmail.com

*(स्रोतः इकागज)*

# विद्यार्थीले साँच्चै सुनिरहेका छन् ?



**लक्ष्मण श्रेष्ठ**



सक्रिय सुनाइ विना असल सिकाइ हुने कुरा कल्पना पनि गर्न सकिंदैन । विद्यार्थीलाई सक्रिय श्रोता बनाउन सकेमा शिक्षण क्रियाकलाप सफल हुन्छ ।

शिक्षकले विद्यार्थी संलग्नता र सहभागितालाई बढाउने, उनीहरूलाई प्रोत्साहित गर्ने विभिन्न रणनीति र तरिका प्रयोग गरी सक्रिय सुनाइलाई सुदृढ गर्न सकिन्छ ।

यसका लागि त्यस्ता केही उपयोगी तथा प्रभावकारी विधिबारे यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

### क. विद्यार्थीको इच्छा वा चाहना थाहा पाउने

सक्रिय सुनाइ के हो र किन यो आवश्यक छ ? यसको के महत्व छ ? जस्ता विषय विद्यार्थीलाई स्पष्ट नभएसम्म उनीहरू सक्रिय सुन्नको लागि तयार हुँदैनन् । यसमा ध्यान दिएर सुन्ने वा केन्द्रित गर्ने, आँखाको माध्यमबाट प्रतिक्रिया दिने, आँखामा आँखा जुधाएर हेर्ने, आँखाको भाषा बोल्ने, इशारा गर्ने, टाउको निहुराउने र उचित प्रतिक्रिया दिने जस्ता विषयहरू समावेश हुन्छ ।

### ख. उद्देश्य र सान्दर्भिकता स्पष्ट पार्ने

विद्यार्थीलाई उनीहरूको दीर्घकालीन सिकाइ, सिकाइ उपलब्धि वृद्धि र शैक्षिक सफलताको लागि किन सक्रिय सुनाइ आवश्यक छ भनेर बुझ्न मद्दत गर्नुहोस्, बुझाउनुहोस् । यसले विद्यार्थीको बोध, समझ, आलोचनात्मक सोच र सञ्चार क्षमता बढाउँछ भनेर सचेत बनाइदिनुहोस् ।

### ग. नमूना प्रदर्शन गर्ने

शिक्षकले आफैं संलग्न भएर मोडलको रूपमा व्याख्यान, छलफल वा प्रस्तुतीकरणको समयमा सुन्न-सुनाउन कसरी सकिन्छ भनेर देखाउन जरूरी छ । बडी ल्याङ्ग्वेज, आई कन्ट्याक्ट जस्ता कुराहरूको प्रयोग सक्रिय सुनाइका कसी हुन् भनेर देखाउन सकिन्छ ।

के बोल्ने, कसरी बोल्ने, जवाफ के कसरी दिने जस्ता कुराहरू शिक्षकले गरेर देखाउन आवश्यक हुन्छ । सक्रिय सुनाइ के हो र योसँग व्यवहार कसरी गर्ने भन्ने कुरा स्पष्ट पार्न जरूरी हुन्छ ।

### घ. अन्तरक्रियात्मक शिक्षण विधि प्रयोग गर्ने

परम्परागत विधिको ठाउँमा विद्यार्थीलाई सक्रिय सिकाइ गतिविधिमा संलग्न गराएमा सक्रिय सुनाइ हुन्छ । यसले उनीहरूलाई ध्यानपूर्वक सुन्न र सक्रिय रुपमा प्रतिक्रिया दिन उत्प्रेरणा प्रदान हुन्छ । समूह छलफल, बहस, समस्या समाधान गर्ने अभ्यास र सक्रिय सुन्न र सहभागितालाई उत्तेजित गर्ने ह्यान्ड्स-अन गतिविधि समावेश गर्न आवश्यक छ ।

### ङ. मल्टिमिडियाको प्रयोग

भिडियो, पोडकास्ट र अन्तरक्रियात्मक अनलाइन प्लेटफर्ममा पाइने सामग्रीहरू जस्ता अनलाइन र आईसीटीमा आधारित मल्टिमिडिया स्रोतहरू प्रयोग गरे सक्रिय सुनाइ हुन सक्छ । सिकाइ अनुभवलाई फरक पार्दै आशातीत सुधार गर्न यी यस्ता स्रोतहरूले सहयोग गर्दछ । विद्यार्थीको ध्यान खिच्न, बुझ्ने क्षमता बढाउन र सक्रिय सुन्न प्रोत्साहित गर्न सक्छन् ।

च. नोट गर्ने गतिविधिको प्रयोग

सुनेर विद्यार्थीलाई बुँदा टिपोट गराउने, बुझेको केही कुरा नोट लिने, नबुझेको कुरा सोध्न नोट लेख्ने जस्ता रणनीतिहरू प्रयोग गर्न सकिन्छ । यसका लागि माइण्ड म्यापिङ गर्ने क्रियाकलापमा ध्यान दिनुपर्छ ।

### छ. सुन्ने र सोच्ने चिन्तनशील प्रश्नहरू प्रयोग गर्ने

विद्यार्थीलाई सुनेर केही गर्ने, लेख्ने, बोल्ने जस्ता क्रियाकलाप गर्न लगाउनुपर्छ । पहिला ध्यान दिएर सुन्ने र सुनेपछि कल्पना गर्न, विचार गर्न, सोच्न उत्प्रेरक प्रश्नहरू तयार गरेमा सुनाइलाई सक्रिय सुनाइमा सहजै परिवर्तन गर्न सकिन्छ । सुनाइसँगै सक्रियता र संलग्नता बढाउँदै, उनीहरूलाई आफ्ना विचार, व्याख्या र अन्तरदृष्टिहरू शेयर गर्न प्रोत्साहन दिनुपर्छ ।

### ज. कक्षाकोठाको वातावरण तयार गर्ने

कक्षाकोठा सम्बन्धी कार्यका लागि उपयुक्त, साधन सम्पन्न, सुरक्षित र सम्मानजनक हुन वातावरण चाहिन्छ । वातावरणले सिकाइलाई ठूलो असर र प्रभाव पार्छ । विद्यार्थीले आफ्ना विचार व्यक्त गर्न सहज महसुस गर्छन् । सबै विद्यार्थीको सक्रिय सहभागितालाई प्रोत्साहन दिनुपर्छ । उनीहरूको सुनाइ सीपको विकास गर्न र आवश्यक सुधार्न सघाउन शिक्षकले सही, सकारात्मक र रचनात्मक प्रतिक्रिया प्रदान गर्न आवश्यक हुन्छ ।

### झ. उपयुक्त अभ्यासको प्रयोग

शिक्षकले विद्यार्थीका लागि विशेष र आकर्षक प्रकारको गतिविधि समावेश गरेमा मात्र उनीहरूमा सक्रिय सिकाइ कौशलको विकास हुन्छ । उदाहरणका लागि अभ्यासहरू सञ्चालन गरेपछि त्यसको सारांश वा व्याख्या गर्न लगाउनुपर्छ । सो सम्बन्धमा अन्य कुराहरू थप गर्न लगाउने गर्न सकिन्छ ।

### ञ. मूल्याङ्कन गरी प्रतिक्रिया प्रदान गर्ने

नियमित रुपमा क्विज, असाइनमेन्ट, प्रस्तुतीकरण वा कक्षा सहभागिता मार्फत विद्यार्थीको सुन्ने सीपहरुको मूल्याङ्कन गरी उनीहरूको राम्रा र सुधार गर्नुपर्ने पक्षहरूका बारेमा मद्दत गर्ने, समयमै र रचनात्मक प्रतिक्रिया दिने गर्न जरुरी छ ।

सक्रिय सुनाइका सीपहरूको विकास गर्न सकिन्छ तर यसका लागि समय लाग्छ र धेरै अभ्यास गर्न गराउन जरूरी हुन्छ । माथि उल्लेखित तरिका, विधि वा रणनीतिलाई निरन्तर रुपमा लागू गरेर र सहयोगी सिकाइ वातावरण सिर्जना गरेर सक्रिय सुनाइ गर्न सकिन्छ । विद्यार्थीको सुन्ने क्षमता विकास गर्न र सक्रिय श्रोता बन्न सकारात्मक साथ सहयोग गर्नु शिक्षकको पहिलो काम हुन आउँछ ।

*(लेखक प्रधानाध्यापक हुन् । स्रोतः अनलाईखबर)*

# "प्रदेश सरकारले बसाईसराईमा ध्यान दिनुपर्ने देखिन्छ"

राष्ट्रिय तथ्यांक कार्यालयले गत बुधबार हेटौंडामा २०७८ सालको जनगणनाको बागमती प्रदेशस्तरीय तथ्यांक सार्वजनिक गऱ्यो । बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको उपस्थितिमा सार्वजनिक गरिएको प्रदेशस्तरीय तथ्यांकले आगामी दिनमा प्रदेशको नीति तथा योजना बनाउन महत्वपूर्ण आधार हुने राष्ट्रिय तथ्यांक कार्यालयको अपेक्षा छ। प्रदेशस्तरीय तथ्यांकको सार्वजनिकीकरण र यसको महत्वको विषयमा रहेर समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले राष्ट्रिय तथ्यांक कार्यालयका निर्देशक ढुण्डीराज लामिछानेसँग गर्नुभएको कुराकानीको सम्पादित अंश:



**दुण्डीराज लामिछाने**
**निर्देशक**
**राष्ट्रिय तथ्यांक कार्यालय**

**समाज: प्रदेशस्तरीय तथ्याङ्कको सार्वजनिक गर्नुपर्ने आवश्यकता किन पऱ्यो र कुन-कुन विषयलाई बढी जोड दिएर यो तथ्याङ्क सार्वजनिक गर्नुभयो ?**

**लामिछाने**: सम्मानीय प्रधानमन्त्री ज्यूले बैशाख १० गते राष्ट्रियस्तरको तथ्याङ्कको सार्वजनिक गर्नुभयो । नीति तथा योजनामा यो तथ्याङ्कहरुलाई समेटोस् भन्ने उद्देश्यले हामीले हत्तार हत्तार गरी किताब तयार पारेर सातवटै प्रदेशमा केही दिनको अन्तर पारेर प्रदेशस्तरीय तथ्याङ्क सार्वजनिक गऱ्यौं । प्रदेशले बनाउने नीति तथा योजनाहरु बनाउँदा के कुरामा ध्यान दिनुपर्छ भन्ने कुरा पनि हामीले राखेका छौं । वास्तवमा अहिलेको युग निकै फरक छ र जनसांख्यिक संरचनाहरुमा पनि निकै परिवर्तन भएका छन् । नेपालको सात वटै प्रदेशमा प्रविधिको निकै विकास भइसकेको, युवा पुस्ताहरु सहरकेन्द्रित भएका, गाउँहरु खाली हुँदै गएको, वृद्धवृद्धाहरु र बालबालिकाहरु मात्रै गाउँमा बस्ने गरेको र धेरै युवा जनशक्ति विदेश पलायन भएको अवस्था यो तथ्याङ्कले देखाएको छ। राज्यले रोजगारीको अवस्था सिर्जना गरेर वा शिक्षाको दायित्व लिएर, र सीप तथा तालिम दिएर विदेश पलायन भएका जनशक्तिलाई प्रयोग गर्न सकेमा देश विकासमा सहयोग हुन्छ । नीति तथा योजनाहरु बनाउँदै गर्दा र बजेट भाषण हुँदै प्रदेशले यो कुराहरुमा ध्यान दिनुपर्छ भनेर हामीले प्रदेशस्तरीय तथ्याङ्क सार्वजनिक गरेका हो ।

**समाज: यो पटकको जनगणनाको मुख्य विशेषताहरु के के पाउनुभयो ?**

**लामिछाने**: यो पटकको जनगणनाको मुख्य विशेषता भनेको जनसांख्यिक संरचनात्मक परिवर्तन देखिन्छ । जन्मदर घट्दै गएको कारणले बालबालिकाको जनसंख्या पनि घट्दो देखिन्छ भने जेष्ठ नागरिकको जनसंख्या बढ्दै गएको छ । नेपालमा अहिले बसाईसराईको अवस्था एकदम भयवाह हुँदै गएको छ । राज्यले अब बसाईसराईमा निकै ध्यान दिनुपर्ने अवस्था छ । अहिले प्रजनन् दर घटेर २ भन्दा तल गइसकेको छ ।

**समाज: यसले जनसंख्या सन्तुलनमा कस्तो असर गर्छ ?**

**लामिछाने**: ९० वर्षको इतिहासमा नेपालको जनसंख्या वृद्धिदर १ प्रतिशतभन्दा कम भएर ०.९३ प्रतिशत पुगिसक्यो । हामीले विदेश पलायन हुने युवाहरुलाई रोक्न सकेनौं भने यो वृद्धिदर ऋणात्मक हुँदै जाने देखिन्छ । यही अवस्था हुँदै जाने हो भने राज्यलाई आवश्यक पर्ने मानवस्रोत पाउन छोड्नेछ ।

**समाज: यो तथ्यांकलाई हेर्दा बागमती प्रदेशको जनसांख्यिक लाभ र चुनौती के-के छन् ?**

**लामिछाने**: जनसांख्यिक लाभ बागमती प्रदेशमा बढी नै देखिन्छ। तर बागमती प्रदेशलाई समग्रमा नहेरी उपत्यकाको ३ जिल्लालाई छुट्याएर हेर्दा चाहिँ अन्य प्रदेशभन्दा कमजोर देखिन्छ । बागमती प्रदेशमा साक्षारता दर बढी भए तापनि जन्मदर्तामा पनि अन्य प्रदेश भन्दा कम रहेको छ। बागमती प्रदेशमा अहिले करिब ७ प्रतिशत बेरोजगारी रहेको छ ।

**समाज: यो तथ्याङ्क सार्वजनिक गर्दै गर्दा तपाईहरुले प्रदेश सरकारलाई के-के कुरामा ध्यान दिन सुझाव दिनुभयो ?**

**लामिछाने**: प्रदेश सरकारले शुरुमा बसाईसराईमा ध्यान दिनुपर्ने देखिन्छ । काठमाडौं उपत्यका बाहेकका हिमाल, पहाड र तराईमा भएका जनसंख्यालाई वितरणमुखी कार्यक्रमभन्दा पनि कृषिमा जोड दिएर, कृषिमा आधुनिकीकरण गरेर, उनीहरुलाई अनुदान भन्दापनि सीपहरु दिएर र कृषिमा ठूलो लगानी गरेर व्यवस्थापन गर्नुपर्ने देखिन्छ। युवाहरुको विदेश पलायनलाई रोक्नका लागि प्रदेशले शिक्षामा बढी लगानी गर्नुपर्ने देखिन्छ ।

**समाज: यो तथ्याङ्कलाई पालिकाहरुलाई कतिको अध्ययन र विश्लेषण गर्नसक्ने अनुमान गर्नुभएको छ ?**

**लामिछाने**: पालिका भनेको स्थानीय सरकार हो र केन्द्रमा भएका सबै मन्त्रालयको काम स्थानीय तहले गर्छ भनी राज्यले सोच्यो । तर पालिकाहरुमा त्यो किसिमको सीप, क्षमता र दक्षता भएका जनशक्तिको अभाव देखिन्छ । मेरो विचारमा उनीहरुलाई अहिले सार्वजनिक भएका तथ्याङ्क पनि कसरी हेर्ने भन्ने थाहा छैन ।

# मकवानपुर बालविद्या सदन

## हेटौंडा-१८, खड्कुले

# पहिलो औपचारिक कार्यक्रमको खुसी



**रविना सापकोटा**
**अध्यक्ष, बालविद्या सत्पथ बाल समूह ।**

*तर त्यस दिनको कार्यक्रम शुरु हुनु अघि नगरस्तरीय बाल समूह सञ्जालको गठनका लागि म हेटौंडा उपमहानगरपालिका जानुपर्ने भयो । यसकारण म कार्यक्रममा अनुपस्थित रहें । तथापि बाँकी सदस्यहरुले मेरो अनुपस्थितिमा समेत कार्यक्रम सफल बनाउनुभयो । यो कुराले मलाई झनै खुसी बनायो ।*

हामीले पहिलोपटक पूर्णरुपमा हाम्रै आयोजना र व्यवस्थापनमा एउटा सुन्दर कार्यक्रम गर्न सफल भयौं। बाल समूहको बैठक बसेर शुक्रबारीय कार्यक्रम अन्तर्गत कक्षा आठ, नौ र दशका विद्यार्थीहरुका लागि "Childhood is the golden period of learning" विषयमा अंग्रेजी माध्यममा वक्तृत्वकला कार्यक्रम गर्ने निर्णय सर्वसम्मतिबाट गऱ्यौं। कार्यक्रमका लागि आवश्यक पर्ने तयारी तथा सामग्रीहरु के-के हुन सक्छन् भन्नेमा व्यापक छलफल गऱ्यौं। छलफल अनुरुप हामीले कार्यक्रमलाई चुस्त र व्यवस्थित बनाउन चारवटा उपसमूह तयार गरी कामको बाँडफाँड गऱ्यौं। स्टेज तथा दर्शक बसाई व्यवस्थापन उपसमूह, पिउने पानी व्यवस्थापन उपसमूह, पुरस्कार व्यवस्थापन उपसमूह, अतिथि र निर्णायक मण्डल व्यवस्थापन उपसमूह ।

यसरी बाँडिएका समूहले आ-आफ्नो काम जिम्मेवारीपूर्वक गर्दा सबैपक्षमा उत्कृष्ट व्यवाथापन हुन पुग्यो र कार्यक्रम सफल पनि भयो । पुरस्कार समेत हामी बाल समूहका पदाधिकारी र सदस्यहरुबाट केही रकम उठाएर व्यवस्थापन गऱ्यौं । कार्यक्रममा पहिलो, दोश्रो र तेस्रोलाई हुनेलाई पुरस्कारको व्यवस्था गरेका थियौं । सबै सहभागीको यो पहिलो सहभागिता रहेछ। यो अर्थमा हामी अझै सफल भयौं भन्ने लाग्यो । किनकी नयाँ सहभागीहरुले आफुलाई स्टेजमा उभ्याउँदा नयाँ सम्भावनाहरु खुल्न जान्छ ।

तर त्यस दिनको कार्यक्रम शुरु हुनु अघि नगरस्तरीय बाल समूह सञ्जालको गठनका लागि म हेटौंडा उपमहानगरपालिका जानुपर्ने भयो । यसकारण म कार्यक्रममा अनुपस्थित रहेँ । तथापि बाँकी सदस्यहरुले मेरो अनुपस्थितिमा समेत कार्यक्रम सफल बनाउनुभयो । यो कुराले मलाई झनै खुसी बनायो। उपाध्यक्ष कुशल खड्काले सभाध्यक्ष, सचिव सुहाना खड्का कार्यक्रम संचालक हुनुहुन्थ्यो । निर्णायकमा सुदिप सर, सुजिता मिस र आयुश्मा मिस हुनुहुन्थ्यो ।

प्रतियोगितामा कक्षा नौ कि छात्रा मिनु थोकर प्रथम, कक्षा नौ कै छात्रा अक्सा कार्की दोश्रो तथा तेस्रो हुनुभएकी कक्षा दश कि छात्रा बिनिता गोङ्बालाई कार्यक्रमका सभाध्यक्ष तथा बाल समूहका अध्यक्ष कुशल खड्काले पुरस्कार वितरण गर्नुभएको थियो। आगामी दिनमा हामी पूर्णरुपमा हाम्रै व्यवस्थापनमा अरु धेरै कार्यक्रम गर्ने योजनामा छौं ।

## प्रदेश खेलकुद विकास परिषद्

**बागमती प्रदेश, हेटौंडा, नेपाल**

**Invitation for Electronic sealed quotation for the Procurement of Goods**

*First date of Publication: 2080/02/23*

Province Sports Development Council, Bagmati Province invites electronic bids from eligible bidders for the procurement of following goods items under sealed quotation Procedures specified in Public Procurement Act-2063 and Regulations-2064. Eligible Bidders may obtain further information and inspect each documents at Province Sports Development Council, Bagmati Province. Mobile: 9855043423/ 9855086638 or may visit PPMO egp. system web: www.bolpatra.gov.np/egp.

| Contract ID number | Description of Particulars | Amount for Quotation Document (NRs.) | Amount of Bid Security (NRs.) |
|---|---|---|---|
| PSDC/SQ/02/ 2079/080 | Tribhuwan bishwobidhyalayeko khel bigyan karyakram sanghako khelkud prayogshala nirmaan | 1,000.00/- | 40,000/- |

• Bidders, submitting their bid electronically, should deposit the cost (Rs.1,000) of bidding document in the Province Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank: Rastriya Banijya Bank.**
**Name of Office: PRADESH KHELKUD BIKASH PARISADH**
Office Code no. : 3430232013 Account no.: 1300100202070002
Type of Account: Rajashaw Khata Revenue Code No : 14229

• The Bidder shall furnish a bid security, from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law with a minimum of 40,000/- (FOURTY THOUSAND ONLY) which shall be valid for 30 days beyond the validity period of the bid

Account Name: Province Treasury Controller Office, Bagmati Province,Hetauda
Bank Name: Rastriya Banijya Bank
Bank Address: Hetauda Account Number: 1300100202030000

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
हेभी इक्वीपमेन्ट डिभिजन
हेटौँडा, मकवानपुर
फोन: ०५७५२००३१

## बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

*(सूचना प्रकाशित मिति : २०८०-०२-२३ गते)*

हेभी इक्वीपमेन्ट डिभिजन हेटौडाको २०८०।०१।१७ गते समृद्ध समाज राष्ट्रिय दैनिक पत्रिकामा e–Gp मार्फत लिलाम सम्बन्धी बोलपत्र आह्वान सूचना प्रकाशन गरिएकोमा एक मात्र बोलपत्रदाताको बोलपत्र अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतका लागि सिफारिस भई आए बमोजिम यस डिभिजनको मिति २०८०।०२।१८ गतेको निर्णय अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | कामको विवरण | ठेक्का नं. | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १. | लिलाम | HEDHTD–02/2079/080 | Abhishek & Company Pvt. Ltd. | 1,10,68,000/– (One Crore Ten Lakh Sixty–eight Thousand Only) |

**कार्यालय प्रमुख**

## मोटरसाइकल हराएको सुचना

**मिति २०८० साल जेठ २१ गतेका दिन बेलुका ७:३० बजेको समयमा कर्रा– १०, बस्ने बिमल लामाको नाममा रहेको बा.प्र. ०३–००५ प २०० नम्बरको निलो रङ्गको २२० सीसीको पल्सर मोटरसाइकल (च्याचिस नम्बर MD2A13EXOMCD86803, इन्जिन नम्बर DKXCMD05280) भाटभटेनीमा पार्किङ्ग गरी राखेको अवस्थामा हराएको हुँदा कहिंकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनु हुन यो सुचना प्रकाशित गरिन्छ । सम्पर्क: ९८६५३५५४१२/९८०७१५९५४७**

## युवामैत्री योजना...

हरेक नीतिगत तथा कार्यक्रमगत तहमा हुने गतिविधिमा युवामैत्री वातावरण निर्माण गर्न सक्दा मात्र त्यसले समग्र शासकीय प्रक्रिया तथा पद्दतिको गुणस्तर अभिवृद्धि हुन जाने उल्लेख गर्नुहुँदै कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले शासन प्रणालीमा युवाको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्दै उनीहरुको नेतृत्वलाई सुनिश्चित गर्दै स्थानीय तहको नीति, संरचना, प्रणाली कार्यप्रक्रिया तथा व्यवहारमा युवाको संलग्नता सुनिश्चित गर्नका लागि युवामैत्री स्थानीय शासन आवश्यक रहेको बताउनुभयो ।

हाम्रो सुमो सेवा-२ को
काउन्टर सरेको जरुरी सूचना



हेटौँडा-काठमाडौं सुरक्षित, भरपर्दो र गुणस्तरीय सेवा दिँदै आएको यस हाम्रो सुमो सेवा-२ को काउन्टर हेटौँडा-४, अजरअमररोडबाट हेटौँडा-१०, मेनरोड कपुर कल्प्लेक्सअगाडि मिति २०८० साल जेठ १८ गते बिहिबारदेखि सरेको जानकारीका लागि सम्पूर्णमा अनुरोध गरिन्छ। नयाँ स्थानमा थप सुविधा र सहजताका साथ तपाइँको सेवामा हामी सदैव समर्पित रहने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

**हाम्रो सुमो सेवा-२**
**हेटौंडा-१०, मेनरोड (कपुर कम्प्लेक्स अगाडि)**
**०५७-५२५९८८/५२३९८८**
**हटलाइन: ९८५५०-७२२८८**

स्वादिष्ट नेवारी खाजा

अब




होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

## हेटौंडा मेयर कप फुटबल

# ११ र १४ नम्बर वडा सेमिफाइनल प्रवेश



म्यान अफ द म्याच ट्रफी हस्तान्तरण गरिँदै ।

समाज संवाददाता

हेटौँडाः तेस्रो संस्करणको हेटौँडा मेयर कप फुटबल प्रतियोगितामा ११ नम्बर वडा र १४ नम्बर वडा सेमिफाइनलमा प्रवेश गरको छ। सोमबार हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको खेलमा ११ नम्बर वडाले १ नम्बर वडालाई २-१ गोलअन्तरले पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको हो। यस्तै ९ नम्बर वडालाई सडेन डेथमा पराजित गर्दै १४ नम्बर वडा सेमिफाइनल प्रवेश गरेको हो ।

वडा नम्बर ११ को जितमा एलिस चौलागाईं र मनोज घलानले एक-एक गोल गरे । म्यान अफ द म्याच घलान घोषित भए। १ नम्बरका लागि जेनिश थपलियाले पेनाल्टीमार्फत एक गोल गरे। यस्तै, ९ नम्बर वडालाई सडेन डेथमा हराउँदै १४ नम्बर सेमिफाइनल प्रवेश गरेको हो । निर्धारित समय गोलरहित बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । टाइब्रेकरमा ५-५ गोलको बराबरीपछि खेलको नतिजा सडेन डेनबाट लिइएको हो । म्यान अफ द म्याच १४ नम्बरका अस्मिर गोड्बा घोषित भए ।

प्रतियोगिता अन्तर्गत मंगलबार क्वार्टरफाइनलका २ खेल सन्चालन हुनेछ । मंगलबारको पहिलो खेल १५ नम्बर वडा र १९ नम्बर वडाबीच हुनेछ । विजयी टिमले सेमिफाइनलमा १४ नम्बर वडासँग प्रतिस्पर्धा गर्नेछ । यस्तै दोस्रो खेल २ नम्बर वडा र १३ नम्बर वडाबीच हुनेछ । विजयी टिमले ११ नम्बर वडासँग प्रतिस्पर्धा गर्नेछ । सेमिफाइनलका खेलहरु बुधबार र बिहिबार हुनेछ भने फाइनल शनिबार हुनेछ ।

प्रतियोगिताको विजेता टिमले नगद २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले नगद १ लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछ। सेमिफाइनल प्रवेश गर्ने दुई टिमले ५०-५० प्राप्त गर्नेछ । यस्तै विधागत उत्कृष्ट खेलाडीहरुले ५-५ हजार रुपैयाँ प्राप्त गर्ने जनाएको छ ।

# गगन थापा मकवानपुर आउँदै

समाज संवाददाता

हेटौँडाः नेपाली कांग्रेसका केन्द्रीय महामन्त्री गगनकुमार थापा मकवानपुर आउनुहुने भएको छ । मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ र २ (ख) को अधिवेशनका लागि महामन्त्री थापा जेठ २९ गते मकवानपुर आउन लाग्नुभएको हो ।

सोमबार पत्रकार सम्मेलन गर्दै क्षेत्र नम्बर २ का क्षेत्रीय सभापति रञ्जन कालाखेतीले अधिवेशनको जानकारी दिनुभएको छ । पार्टीको विधानअनुसार जेठ ५ गते हुनुपर्ने अधिवेशन केन्द्रीय महामन्त्रीको समय अभावका कारण जेठ २९ गते हुने भएको हो ।

'पछिल्लो समय पार्टीभित्र विभिन्न आरोप-पत्यारोप लगाउने कार्य भएको छ', पत्रकार सम्मेलनमा कालाखेतीले भन्नुभयो- 'पार्टीको अवस्था कमजोर बनाउँदै लगिएको अवस्थामा कार्यकर्ताहरुलाई पार्टीको बारेमा स्पष्ट पार्न केन्द्रीय महामन्त्री थापा आउन लाग्नुभएको हो ।'

संघीय सभापति लोक मोक्तानले उक्त क्षेत्रमा १ हजार २ सय ४० प्रतिनिधिहरु रहेको र ती प्रतिधिधिहरुलाई अहिलेसम्म पार्टीले गरेका कार्यको जानकारी गराउन महामन्त्री आउने बताउनुभयो । देशको राजनीतिक अवस्था विकराल बन्दै गएको अवस्थामा पार्टीका क्रियाशील कार्यकर्ताहरुलाई सुसूचित बनाउन आवश्यक रहेको उहाँको भनाई छ ।

# जिल्लास्तरीय वक्तृत्वकलामा घिमिरे प्रथम




प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुन सफल सहभागीहरु ।

समाज संवाददाता

हेटौँडाः जिल्लास्तरीय खुल्ला वक्तृत्वकला प्रतियोगितामा आकृति घिमिरे प्रथम भएकी छिन् । सोमबार जिल्ला युवा समिति मकवानपुरले हेटौँडामा आयोजना गरेको 'युवा र नवप्रवर्तन' विषयक प्रतियोगितामा घिमिरे प्रथम भएकी हुन् । प्रथम भएकी घिमिरे प्रदेशस्तरीय प्रतियोगितामा पनि सहभागी हुनेछिन् ।

यस्तै सरोज विक द्वितीय र कृतिका लौडारी तृतीय भएका छन् । प्रथम, द्वितीय र तृतीयले क्रमशः १५ हजार, १० हजार र ५ हजार रुपैयाँ प्राप्त गरेका छन् । प्रतियोगितामा १२ जनाको सहभागिता रहेको थियो । जिल्ला युवा समिति मकवानपुरका अध्यक्ष सुमन पाखिनको सभाध्यक्ष तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यमा पुरस्कार वितरण गरिएको थियो । कार्यक्रममा बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईको पनि आतिथ्य रहेको थियो ।

# प्राकृतिक प्रणालीबाट खेतीसम्बन्धी तालिम सम्पन्न

समाज संवाददाता

हेटौँडाः ग्रामीण महिला सेवा केन्द्र मकवानपुर र हेटौँडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा सञ्चालन भएको तीन दिने प्राकृतिक प्रणालीबाट बहुबाली र कौशी खेतीसम्बन्धी तालिम सम्पन्न भएको छ । सेवा केन्द्रकी अध्यक्ष सुलोचना स्याङ्तानको सभाध्यक्ष तथा उपमहानगरपालिकाका कृषि पशुपक्षी शाखाकी प्रमुख गंगा चौलागाईंको प्रमुख आतिथ्यमा तालिम सम्पन्न भएको हो।

सेवा केन्द्रकी अध्यक्ष स्याङ्तानले बजारमा मूल्यवृद्धि भइरहेको बेला उत्पादनसँग जोडेर काम गर्नुपर्छ भनेर तालिम आयोजना गरिएको बताउनुभयो। प्राकृतिक प्रणालीबाट खेती गर्दा शरीरलाई स्वस्थ बनाउने खाद्यवस्तुहरु उत्पादन गर्न सकिने उहाँले बताउनुभयो। प्राकृतिक प्रणाली र आधुनिक विधिबाट उत्पादनसँग जोडिन तालिम आयोजना गरिएको उहाँको भनाई छ ।

प्राकृतिक प्रणालीबाट न्यूनतम लगानीमा अधिकतम उत्पादन र लाभ लिन सकिने उहाँले बताउनुभयो । उत्पादन भएको तरकारी तथा फलफूलहरुलाई बजारसम्म पुर्‍याउन संस्थाले आवश्यक सहयोग गर्ने स्याङ्तानले जानकारी दिनुभयो ।

उपमहानगरपालिकाका कृषि पशुपक्षी शाखा प्रमुख चौलागाईले नगरपालिकाले उत्पादनसँग जोड्न समूहलाई अनुदान दिने बताउनुभयो । अहिले योजना तर्जुमा गर्ने कार्य भइरहेको बताउनुहुँदै उहाँले यसलाई पनि नीति तथा कार्यक्रममा समावेश गराउन पहल गर्ने बताउनुभयो ।

तालिममा हेटौँडाका ३५ जनाको सहभागिता रहेको थियो । तालिममा सहभागीहरुलाई प्रशिक्षक गोपाल भण्डारीले प्राकृतिक मल बनाउने तरिका, बीउ रोप्ने र प्रशोधन गर्ने प्रक्रियाबारे प्रशिक्षण दिनुभएको थियो । यस्तै, पुष्पराज शाहीले कौशी खेतीबारे प्रशिक्षण दिनुभएको थियो।

अहिले बजारमा जनघनत्व बढ्दै गइरहेको बेला खेतीका लागि जमिन नहुँदा कौशी खेती फाइदा हुने शाहीले बताउनुभयो। घरबाट निस्कने कुहिने फोहोरहरुलाई मल बनाएर छतमा तरकारी र फलफूलहरु खेती गर्न सकिने उहाँले जानकारी दिनुभयो । यसले गर्दा फोहोरको व्यवस्थापन हुने र विषादीरहित तरकारी खान सकिने उहाँले बताउनुभयो । पालिकाले बजारका हरेक गृहिणीलाई कौशी खेतीबारे तालिम दिएमा बाहिरबाट तरकारी किन्न नपर्ने उहाँले बताउनुभयो। सेवा केन्द्रकी सचिव अचला शर्माले सहजीकरण गर्नुभएको कार्यक्रममा केन्द्रकी उपाध्यक्ष लक्ष्मी मोक्तानले स्वागत मन्तव्य राख्नुभएको थियो ।

# बागमती गाउँपालिकाले विव्यस अध्यक्षलाई तालिम दिने

समाज संवाददाता

हेटौँडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकाले पालिकाअन्तर्गत्का सामुदायिक विद्यालयका व्यवस्थापन समिति अध्यक्षहरुलाई क्षमता विकास तालिम दिने भएको छ । सोमबार एक सूचना जारी गर्नुहुँदै पालिकाका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानले तालिमबारे जानकारी गराउनुभयो ।

गाउँपालिकाको सभाहलमा बुधबारदेखि शनिबारसम्म तालिम दिने पालिकाका शिक्षा शाखाका सहायक प्रमोद राईले जानकारी दिनुभयो । तालिम दुई चरणमा सञ्चालन गरिने राईले बताउनुभयो। पहिलो चरणमा बुधबार र बिहीबार १ नम्बरदेखि ५ नम्बर वडाअन्तर्गत्का विद्यालयका अध्यक्षहरुलाई तालिम दिइनेछ। दोस्रो चरणमा शुक्रबार र शनिबार ६ नम्बरदेखि ९ नम्बर वडाअन्तर्गत्का विद्यालयका अध्यक्षहरुलाई तालिम दिने जनाइएको छ । बागमतीमा ५० सामुदायिक विद्यालय छन् ।

पालिकाले गत बिहीबारबाट पालिकाअन्तर्गत्का सामुदायिक विद्यालयहरुमा कार्यरत प्रारम्भीक बालविकास शिक्षकहरुका लागि मन्टेश्वरी तालिम सुरु गरेको थियो । तालिम आज मंगलबार सम्पन्न हुँदैछ ।

# सवारी दुर्घटनामा तामाङको मृत्यु

समाज संवाददाता

हेटौँडाः काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिका-५, ढलमलेमा स्कुटर र मोटरसाइकल एक-आपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा स्कुटर पछाडि सवार काभ्रे तेमाल गाउँपालिका-९ घर भई हाल बनेपा नगरपालिका-११ बस्ने १८ वर्षीय निरोज तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

शनिबार दिउँसो ३ बजेर ४५ मिनेटको समयमा बनेपाबाट पनौतीतर्फ आउँदै गरेको बा ४१ प ७०५९ नम्बरको मोटर साइकल र बिपरित दिशाबाट जाँदै गरेको बा.प्र.०२-०१७ प ०३३५ नम्बरको स्कुटर एक-आपसमा ठोक्किँदा ३ जना घाइते भएका थिए। घाइतेहरुलाई उपचारका लागि शिर मेमोरियल अस्पताल बनेपा लगिएकोमा सामान्य उपचारपश्चात् ३ जनालाई डिस्चार्ज गरिएको थियो । घाइतेहरुमध्ये स्कुटर पछाडि सवार तामाङ गम्भीर घाइते भएका थिए। तामाङलाई सामान्य उपचारपश्चात् थप उपचारका लागि नर्भिक अस्पताल काठमाडौं लगिएकोमा उपचारको क्रममा आइतबार दिउँसो १ बजे मृत्यु भएको प्रहरीले जनाएको छ।

# महिलातर्फ बागमतीलाई राष्ट्रिय रग्बी सेभेन्स प्रतियोगिताको उपाधि




समाज संवाददाता

हेटौँडाः आयोजक बागमती प्रदेशले बागमती राष्ट्रिय रग्बी सेभेन्स प्रतियोगिताको महिलातर्फ उपाधि जितेको छ । आइतबार भक्तपुरको सानोठिमीमा भएको फाइनल खेलमा आर्मीलाई २१-५ ले हराउँदै बागमतीले उपाधि जितेको हो। बागमती प्रदेश खेलकुद विकास परिषद्को आयोजना तथा नेपाल रग्बी संघको व्यवस्थापनमा प्रतियोगिता भएको हो। बागमती प्रदेशको टिममा मकवानपुरका ५ जना खेलाडी समावेश थिए। पुरुषतर्फको उपाधि भने कर्णाली प्रदेशले जितेको छ । आइतबार भएको फाइनल खेलमा विभागीय टोली त्रिभुवन आर्मीलाई सडेन डेथमा ५-० ले हराउँदै कर्णालीले उपाधि जितेको हो । निर्धारित १४ मिनेटको खेल १४-१४ स्कोरको बराबरीपछि खेल सडेनडेथमा धकेलिएको थियो। प्रतियोगिताका विजेताले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेताले ३० हजार नगद प्राप्त गरेको छ ।


## श्री त्रिभुवन माध्यमिक विद्यालय
(प्राविधिक शिक्षालय)
हेटौँडा उपमहानगरपालिका-११, मकवानपुर

## शिक्षक आवश्यकता

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०२/२२ गते*

शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुर, हेटौँडाको प.सं. २०७९/०८० च.नं. १२१५, मिति २०८०/०२/२१ को अनुमति अनुसार यस विद्यालयमा रिक्त निमावि तह, तृतीय श्रेणी, सामाजिक विषय शिक्षक पदपुर्तिका लागि योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूबाट रितपूर्वकको दरखास्त आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारिका लागि अनुरोध छ ।

**विज्ञापन नं.: ८/२०७९/०८०**

पदः शिक्षक
माग सङ्ख्याः १ (एक)
सेवाको प्रकारः अस्थायी करार
न्यूनतम् शैक्षिक योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाण-पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी निमावि तहको अध्यापन अनुमति-पत्र प्राप्त ।
उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
तलब तथा अन्य सेवा सुविधाः नेपाल सरकारको नियमानुसार ।
छनौटको किसिमः शिक्षक सेवा आयोग नियमावली अनुसार
परीक्षा दस्तुरः रू. १,०००/-
दरखास्त दिने अन्तिम मितिः शिक्षक सेवा आयोगको सम्बन्धित तह र विषयको करार सूचीमा रहेकाहरुका लागि मात्र २०८० जेठ २८ गते कार्यालय समय भित्र र खुलाका लागि २०८० जेठ २९ गतेदेखि २०८० असार ४ गते कार्यालय समय भित्र ।
सम्पर्क मितिः २०८० असार ६ गते बिहान ११:०० बजे ।
परीक्षाको मितिः सम्पर्क मितिमा तोकिनेछ ।
आवश्यक कागजातः नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको स्वःप्रमाणित प्रतिलिपि ।
स्वःहस्तलिखित दरखास्त, परीक्षा दस्तुर बुझाएको विद्यालयको नगदी रसिद ।
विशेषग्राह्यताः खुलाको हकमा माथिल्लो योग्यता भएकालाई ।
नोटः-
१) शिक्षक सेवा आयोगको करार सूचीमा रहेकाहरुबाट दस्खास्त पेश हुन आएमा करार सूचीको योग्यताक्रमको आधारमा नियुक्ति प्रदान गरिनेछ ।
२) तोकिएको समयमा शिक्षक सेवा आयोगको करार सूचीमा रहेकाहरुको आवेदन पर्न नआएमा मात्र खुला उम्मेदवारले दरखास्त दिन सक्नेछ ।

**नारायणप्रसाद भण्डारी**
**प्रधानाध्यापक**



## हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः बिहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्यावरोटरी,
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



## गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि